जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

वर्ष-२१ | अंक - ११४ | २०८३ वैशाख ११ गते शुक्रबार | Friday, 24 April 2026 | मूल्य ७ /-



आत्मनिर्भर ताको बाटोमा

डा. नारायणप्रसाद निरौला (२)

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बर: 023-577816

हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलव्ध छ।

### आगामी बजेटको बारेमा कोशी प्रदेशमा ब्यापक छलफल

## ‘आयोजना बैंक’ बाहिर लगानी नगर्ने

**दमक/** कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३-०८४ को बजेट निर्माण प्रक्रियालाई अघि बढाएको छ । यसका लागि प्रदेशका सबै मन्त्रालयका सचिव तथा बजेट निर्माणमा क्रियाशील शाखा महाशाखाका प्रमुखसमेतको उपस्थितिमा आर्थिक मामिला तथा योजनामन्त्री बिदुरकुमार लिङ्थेपले बजेको प्राथमिकता, उद्देश्य, लक्ष्य र सीमाको विषयमा छलफल समग्र पक्षमा छलफल गरेका छन् । त्यस क्रममा उनले 'आयोजना बैंक' बाहिरका कुनै पनि योजनाले बजेट नपाउने स्पष्ट निर्देशन दिए ।

मन्त्री लिङ्थेपले बजेट निर्माणमा अनुशासन र प्रणालीलाई कडाइका साथ लागु गरिने भन्दै नयाँ योजनाहरु थप्नुभन्दा पहिले सुरू भएका र अधुरा रहेका आयोजनाहरूलाई सम्पन्न गर्न जोड दिईने बताएका छन् । यसपटक आयोजना बैंकभन्दा बाहिर गएर कुनै पनि योजनाहरु समावेश नगरिने तथा प्रोजेक्ट बैंकमा इन्ट्री भएका र प्रमाणीकरण भएका योजनाहरूले मात्र बजेटमा स्थान पाउने उनको भनाई छ ।

मन्त्री लिङ्थेपले कोशी प्रदेशमा विगतदेखि बहुवर्षीय ठेक्का लागेका आयोजनाहरूको दायित्व भुक्तानी मात्रै करिब २० अर्ब रूपियाँ पुगेको जानकारी दिँदै दायित्वको बोझ घटाउने गरी सम्बोधन गर्नु मुख्य चुनौती रहेको जनाएका छन् । चालु आर्थिक वर्षमा ३५ अर्ब रूपियाँको बजेट कार्यान्वयन गरिरहेको कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि मन्त्रालयहरूलाई कुल ३० अर्ब रूपियाँको सिलिङ भित्र रहेर बजेट प्रस्ताव गर्न निर्देशन दिएको छ । सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानमा भएको कटौती र आन्तरिक आयको कमजोर अवस्थाका कारण बजेटको आकार खुम्चिन पुगेको मन्त्रालयले जनाएको छ । यसैवीच प्रदेशको सामाजिक विकास मन्त्रालयका प्रतिनिधिले ४४ वटा कार्यक्षेत्र रहेको मन्त्रालयमा बजेट अभावले महत्त्वपूर्ण कार्यक्रमहरु कटौती गर्नुपर्ने बाँकी 8 पेजमा

## खाँदबारी-किमाथाङ्का सडकलाई ४ अर्व

*राष्ट्रिय योजना आयोगले खाँदबारी-किमाथांका सडकका लागि ४ अर्वको श्रोत सुनिश्चितको लागि सिफारिस दिएको छ। यस सडकका दुई खण्डका लागि सो सिफारिस दिईएको हो। आयोगको हालैको बैठकले सो सहित एक दर्जन सडक आयोजनाका लागि ४४ अर्ब ३३ करोड रुपैयाँ बराबर बहुवर्षीय स्रोत सहमति दिन सिफारिस गरेको छ। आयोगका अनुसार भौतिक पूर्वाधार मन्त्रालयबाट माग भए अनुसार कुल ४४ अर्ब ३३ करोड ६१ लाख रुपैयाँ लागतका १३ आयोजनाका लागि यस्तो सिफारिस गरी अर्थ मन्त्रालयमा पठाइएको छ।*

*जस अनुसार खाँदबारी-किमाथांका सडक अन्तर्गत दोभान-बरुण सडक खण्डलाई २ अर्ब ४३ करोड बराबर स्रोत सहमतिको सिफारिस भएको योजना आयोगले जनाएको छ। सोही आयोजनाको खाँदबारी-किमाथांका सडकलाई १ अर्ब ५९ करोड बराबरको स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्ने निर्णय भएको छ। यस्तै तमोर कोरिडोर (सुभाङखोला-दोभान-*

## विद्युतीय घेराबाराले पनि हात्ती रोक्न सकेन

**दमक/** जंगली हात्तीको प्रवेश रोक्न पूर्वोत्तर झापामा लगाइएको सौर्य विद्युतीय घेराबेरा निष्प्रभावी बनेको छ ।घेराबेरामा प्रयोग भएका ब्याट्रीसहित उपकरण र तार जीर्ण बनेपछि जङ्गली हात्तीले दु:ख दिन थालेको स्थानीयवासीको गुनासो छ ।



एक दशकअघि जङ्गली हात्तीको प्रवेश रोक्न मेचीनगर नगरपालिकाको पूर्वोत्तर सीमा क्षेत्र बाहुनडाँगीमा यस्तो घेराबारा गरिएको थियो । जीर्ण घेराबेरा मर्मत गर्नका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषलगायत तीन वटा निकायले चालु आर्थिक वर्षमा कार्य सम्पन्न गर्नेगरी ३० लाख रूपैयाँ बजेट दिएका छन् ।

मेचीनगरको नकलबन्दादेखि बाहुनडाँगीसम्म भारतसँग सीमा जोडिएको १८ किलोमिटर क्षेत्रमा विसं २०७२ मा विश्व बैंकको एक करोड २० लाख रूपैयाँ लगानी र राष्ट्रिय प्रकृति संरक्षण कोषको प्राविधिक सहयोगमा अफसेट प्रविधियुक्त सौर्य विद्युतीय घेराबारा जडान गरिएको थियो । सौर्य घेराबारा प्रभावकारी भएकाले सुरूका वर्षहरूमा भारतबाट बथानमा नेपाल आउन खोज्ने जङ्गली हात्ती सीमामै रोकिएका थिए । तर, घेराबाराको नियमित मर्मतसम्भार हुन नसक्दा बिगत पाँच वर्षयता बाहुनडाँगीबाट निर्बाध प्रवेश गर्ने हात्तीले जनधनको क्षति पुर्याउँदै आएका छन् ।

मानव हात्ती द्वन्द्व व्यवस्थापन तथा वातावरण संरक्षण मञ्चका अध्यक्ष हरिप्रसाद उप्रेतीले सौर्य विद्युतीय घेराबाराको उपकरण मर्मतका लागि बजेट आएपछि स्थानीयवासी हर्षित भएको बताए । उनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा मर्मतसम्भारका लागि वन मन्त्रालयले १० लाख रूपैयाँ, राष्ट्रिय प्रकृति संरक्षण कोषले १० लाख रूपैयाँ र मेचीनगर नगरपालिकाले १० लाख बाँकी 8 पेजमा

## देशका विभिन्न स्थानमा वायु प्रदुषणको चाप

**दमक/** काठमाण्डौ उपत्यकासहित देशका धेरै ठाउँमा वायु प्रदूषण बढेको छ। केही दिनदेखि गर्मी र वनमा डढेलोको सङ्ख्या बढेसँगै वायु प्रदूषण पनि बढेको हो। बिहिबार काठमाण्डौ उपत्यकाको हावा मानव स्वास्थ्यका लागि अति अस्वस्थ अवस्थामा पुगेको छ। हावाको गुणस्तर मापन सूचक ‘एक्यूआई’ २०० भन्दा माथि पुगेपछि मानव स्वास्थ्यका लागि अति अस्वस्थ हुनेमा बिहिबार काठमाण्डौको ‘एक्यूआई’ २३० भन्दा माथि पुगेको हो।

सो मापनले काठमाण्डौ अहिले वायु प्रदूषण धेरै भएका विश्वका शहरको सूचीको दोस्रो स्थानमा देखायो। काठमाण्डौसँगै पोखरा, लुम्बिनी, सुर्खेतलगायतका शहर र हिमाली क्षेत्र मुस्ताङमा समेत वायु प्रदूषण बढेको छ। वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीका अनुसार वर्षा नहुनु, बढ्दो सुक्खा, कृषि अवशेष जलाउने प्रवृत्ति तथा वन बाँकी 8 पेजमा

## मालपोत र नापीको सेवा स्थानीयतहबाटै दिने तयारी

**दमक/** सरकारले हाल मालपोत र नापी कार्यालयहरूबाट प्रवाह हुँदै आएका भूमि प्रशासन सम्बन्धी सेवाहरू अब स्थानीय तहबाटै उपलब्ध गराउने तयारी गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सूचना सेवाहरू आˆनै ठाउँबाट प्रवाह गर्न इच्छुक स्थानीय तहलाई आवेदन दिन भनेको छ ।

मन्त्रालयले जारी गरेको सूचनामा स्थानीय स्तरबाटै सेवा प्रवाह गर्न चाहने स्थानीय तहले आवश्यक पर्ने जनशक्ति र पूर्वाधारको व्यवस्थापन आफैले गर्ने गरी प्रस्ताव पेस गर्नुपर्ने उल्लेख छ ।

सेवा सञ्चालनका लागि इच्छुक स्थानीय तहले सूचना प्रकाशित भएको मितिले सात दिनभित्र आˆनो आधिकारिक निर्णयसहितको पत्र स्क्यान गरी मन्त्रालयको इमेल ठेगानामा पठाउनु पर्नेछ ।

गाउँपालिका वा नगरपालिकाले विभागको इमेल वा मन्त्रालयको तोकिएको ठेगानामा आवदेन दिनु पर्ने छ । यो व्यवस्था कार्यान्वयनमा आएपछि जग्गा जमिनसँग सम्बन्धित कामका लागि सर्वसाधारणले जिल्ला सदर मुकाम धाउनुपर्ने बाध्यता अन्त्य हुने छ ।

## बिपद्‌मा परि ३० जनाको मृत्यु

**दमक/** गत चैतमा विपद्का घटनामा परी देशका विभिन्न भागमा ३० जनाको मृत्यु भएको छ। आगलागी, हुरी, चट्याङ, हिमपातलगायत विपत्तिमा परी १६ पुरुष, १० महिला र चार जना बालबालिकाको मृत्यु भएको हो। ति विपत्तिमा परेर २२२ जना घाइते भएका छन्। विपद्बाट १९१ घर, ११७ गोठ र तीन सरकारी कार्यालयमा क्षति भउको छ भने ५२९ चौपाया मरेका छन्। विपदबाट ३३ करोड ७२ लाख ६१ हजार रुपैयाँ बराबरको क्षति भएको अनुमान छ। विपद् प्रतिकार्यमा चार हजार ८४१ प्रहरी परिचालन भएका प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिए।

विपदबाट १४३ जना विस्थापित भएका छन्। सो अवधिमा कोशीमा २७२, मधेसमा १३६, बागमतीमा ८५, काठमाडौं उपत्यकामा ३९, गण्डकीमा ९५, लुम्बिनीमा १२९, कर्णालीमा ५७ र सुदूरपश्चिम प्रदेशमा ९३ वटा विपद्का घटना भएका जनाइएको छ।

## संसद अधिवेशन स्थगीत

**दमक/** यही वैशाख १७ गतेबाट आव्हान गरिएको संघीय संसद्को अधिवेशन स्थगन गरिएको छ। सरकारको सिफारिस बमोजिम राष्ट्रपति रामचन्द्र पौडेलले अधिवेशन स्थगित गरेका छन्। शीतल निवासको विज्ञप्तिमा ‘विशेष कारणवश’ भनिएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को बुधबारको सिफारिस बमोजिम १७ गते बिहीबार दिउँसो २ बजे संघीय संसदको दुवै सदनको अधिवेशन आव्हान गरेका थिए। तर, आज अर्को पत्र पठाएर उक्त अधिवेशन रोक्न भनिएको स्रोतले बतायो। पत्रमा नयाँ मितिबारे केही खुलाइएको थिएन। मन्त्रिपरिषद् बैठको सिफारिस बमोजिम अधिवेशन स्थगित गरिएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले बताएका छन्।

## ध्वनि प्रदुषण विरुद्ध प्रहरी

**ईलाम/** पछिल्लो समय बढ्दो ध्वनि प्रदूषण नियन्त्रण गर्न जिल्ला प्रहरी कार्यालयले विशेष अभियान सञ्चालन गरेको छ। अभियानको क्रममा मोटर साइकललाई मोडिफाइ गरी र ातिको समयमा बजार क्षेत्रमा चर्को आवाज निकाल्दै ध्वनि प्रदूषण गर्ने र तीव्र गतिमा चलाइने सवारी साधनलाई नियन्त्रणमा लिन थालिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ।

## हर्क साम्पाङ्‌ले दिए ९ सुझाव



**दमक/** सङ्घीय संसद्का सदस्य एवं श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई (हर्क साम्पाङ) ले 'संविधान संशोधनका लागि आफ्नो पार्टीको तर्फबाट ९ बुँदे सुझाव पेश गरेका छन्। बिहीबार सार्वजनिक गरिएको उक्त प्रस्तावमा देशको शासन व्यवस्था र समावेशिताका विषयमा आमूल परिवर्तनको माग गरिएको छ। सांसद राईले जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख (राष्ट्रपति) रहने व्यवस्था हुनुपर्ने मुख्य प्रस्ताव अघि सारेका छन्। उनको प्रस्ताव अनुसार कार्यकारी प्रमुखले सरकार गठन गर्दा संसद् बाहिरका आफ्ना पायकका दक्ष व्यक्तिहरूलाई लिएर मन्त्रिपरिषद् गठन गर्न सक्नेछन्। तर, यसरी मन्त्रिपरिषद् चयन गर्दा सबै जाति, समुदाय र लिङ्गको प्रतिनिधित्व हुने गरी पूर्ण समावेशी चरित्रको हुनुपर्ने सर्त राखिएको छ। बाँकी 8 पेजमा

## कुखुरा ढुवानीमा रोक

**फिदिम/** छिमेकी जिल्लाहरुमा फैलिएको बर्ड फ्लुको जोखिम बढेसँगै पाँचथरमा १५ दिनका लागि कुखुरा, चल्ला र कुखुराजन्य वस्तुको ढुवानीमा रोक लगाइएको छ। वर्ड फ्लु समन्वय समिति पाँचथरको बैठकले यस्तो निर्णय गरेको हो। समितिको निर्णय कार्यन्वयनका लागि भेटनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथरले सार्वजनिक सूचना जारी गर्दै झापा, मोरङ र सुनसरी जिल्लामा पछिल्लो समय बर्ड फ्लु रोगको जोखिम पाँचथरमा पनि उत्तिकै रहेको भन्दै जिल्लासँग सडक सञ्जाल र व्यापारिक आवागमनले जोडिएका कारण संक्रमण फैलिने जोखिम उच्च रहेको जनाएको हो।

बैठकले संक्रमण रोकथामका लागि तत्काल प्रभाव पर्ने गरी १५ दिनसम्म कुखुरा, चल्ला तथा कुखुराको मासु ढुवानीमा प्रतिबन्ध लगाएको छ। त्यस्तै, संक्रमित जिल्लाबाट अण्डा तथा अन्य कुखुराजन्य सामग्री ल्याउँदा सम्बन्धित जिल्लाको पशु सेवा कार्यालयबाट प्रमाणित कागजात र स्वास्थ्य प्रमाणपत्र अनिवार्य ल्याउन भनिएको छ। कागजात नभएको अवस्थामा यस्ता सामग्री जिल्लाभित्र ल्याउन नपाइने बताइएको छ। सवारीसाधनमार्फत यात्रुले सानो परिमाणमा कुखुरा वा चल्ला बोकेर ल्याउने कार्यसमेत रोक्न आग्रह भेटनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथरका प्रमूख रामनारायण साहले बताए।

**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, दमक-झापाको

**बालबालिकाहरूको स्वास्थ्य जाँचका लागि सूचना**

- ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखा-जोखा कार्यक्रम वैशाख १५ गतेबाट शुरु हुँदैछ।
- वडामा रहेका स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयम् सेविकामार्फत् जानकारी लिई पायक पर्ने स्थानमा आफ्ना बालबालिकाको तौल तथा उचाई जाँचमार्फत् कुपोषित रहे/नरहेको समयमै पत्ता लगाई सोको व्यवस्थापन गर्न हुन सम्पूर्ण नगरबासीमा सूचित गरिन्छ।



**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने।
५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने।
१५ ) दाँतको OPD सेवा।

**आवद्ध डाक्टरहरु**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

## सम्पादकीय

# उच्च शिक्षाका लागि विदेश: कति रहर, कति बाध्यता ?

जनमूखी र जीवनमूखी शिक्षाको बहस चलेको वर्षौं भई सक्यो । राष्ट्रियता, सुशासन, आत्मनिर्भरता जस्ता विषय पनि राजनीतिको केन्द्रभागमा रहँदै आएका छन् । तर शिक्षाको सवाल भने यि सवै विषयलाई चिमोट्ने प्रकारको बनि रहेको छ । नेपालमा विभिन्न विश्वविद्यालय, उच्च गुणस्तरका भनिएका कलेज र अन्य शैक्षिक संस्थाहरू भए पनि पढ्नकै लागि भने विदेशीनेको संख्या र रकम हेर्दा एउटा निराशाको तस्विर देखिने गरेको छ ।

नेपालबाट विदेशमा अध्ययनका लागि जाने खर्च वर्षेनी वृद्धी हुँदै गएको पाईएको छ । नेपालमा उच्च शिक्षा अध्ययनका लागि विभिन्न विश्वविद्यालय र अन्तर्राष्ट्रिय स्तरका कलेजहरू भए पनि अध्ययनकै लागि भनेर ८ महिनामा ९३ अर्व भन्दा बढि रकम बाहिरिएको छ । यो गएको आठ महिनामा औपचारीक माध्यमबाट गएको मात्र रकम हो । अन्य उपाय र माध्यमबाट जाने रकम अरू पनि हुन सक्दछ । यस अवधीमा वैदेशिक अध्ययनमा ९३ अर्ब ८९ करोड रूपैयाँ बराबरको विदेशी मुा बाहिरिएको हो । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा वैदेशिक अध्ययनमा बाहिरिने रकम करिब ८ प्रतिशतले बढेको हो । त्यसो भए जनमूखी र जीवनमूखी शिक्षाको बहस कता भौतारी रहेको छ ?

नेपालबाट उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थीको संख्या र त्यसमा हुने खर्च वर्षेनी बढ्नुका मुख्य कारण अध्ययनको गुणस्तर, अन्तर्राष्ट्रिय डिग्रीको आकर्षण, रोजगारीको अवसर र पढ्दै कमाउन पाइने सुविधा पनि हुन् । विशेषगरी मध्यमवर्गीय परिवारका विद्यार्थीका लागि विदेश अध्ययन केवल शैक्षिक विकल्प मात्र नभई आर्थिक आवश्यकतासँग जोडिएको विषय पनि बनेको छ । धेरै विद्यार्थीले घरको आर्थिक भार कम गर्न र भविष्य सुरक्षित बनाउन विदेश र ा ` ज न ` गरेका छन् । तर यसले ठूलो मात्रामा वैदेशिक मुद्रा बाहिरिने, देशभित्र प्रतिभा पलायन हुने र घरेलु शैक्षिक संस्थाप्रति विश्वास घट्ने जस्ता चुनौती पनि सिर्जना गरेको छ । यस अवस्थाको निकास खोज्न पहिलो काम नेपालभित्रको उच्च शिक्षाको गुणस्तर सुधार गर्नु हो। विश्वविद्यालयहरुलाई समयसापेक्ष पाठ्यक्रम, अनुसन्धानमुखी शिक्षा, दक्ष जनशक्ति उत्पादन र अन्तर्राष्ट्रिय स्तरको शैक्षिक वातावरण दिन सक्नुपर्छ ।

दोस्रो, शिक्षा र रोजगारीबीचको सम्बन्ध बलियो बनाउनुपर्छ। अध्ययनपछि देशभित्रै अवसर पाइन्छ भन्ने भरोसा भए धेरै युवाले विदेशलाई मात्र विकल्प ठान्ने थिएनन्। प्राविधिक तथा व्यवसायिक शिक्षामा लगानी बढाई उद्योग, सूचना प्रविधि, कृषि, पर्यटन लगायत क्षेत्रमा रोजगारी सिर्जना गर्नुपर्छ । तेस्रो, छात्रवृत्ति, सहुलियत ऋण र 'पढाईसँगै कमाई' जस्ता अभ्यास नेपालमै विस्तार गर्न सकिन्छ। यसले आर्थिक कारणले विदेश धकेलिने विद्यार्थीलाई राहत दिन सक्छ । साथै विदेश अध्ययनमा जानेलाई पनि केवल बाहिर पठाउने होइन, सीप र ज्ञान लिएर स्वदेश फर्कने वातावरण बनाउनु आवश्यक छ ।

त्यसैले विदेश अध्ययनलाई पूर्ण रुपमा रोक्ने होइन, त्यसलाई बाध्यता होइन विकल्प बनाउने नीतिको आवश्यकता रहेको छ । देशभित्र गुणस्तरीय शिक्षा, सम्मानजनक रोजगारी र सम्भावनाको वातावरण बनेमा विद्यार्थी र रकम दुवैको अनावश्यक बाहिर्गमन घट्ने अपेक्षा पनि गर्न सकिन्छ ।

# आत्मनिर्भरताको बाटोमा



डा. नारायणप्रसाद निरौला

वासन्ती पालुवासँगै नयाँ परिवेशको सिर्जना भएको छ । निराशाबाट आशाको सञ्चार जागृत भएको वर्तमान परिवेश छ । अनेकौं अभावको पीडा सहेर भए पनि सुदूर सुन्दर संसारको परिकल्पनामा मुस्कुराउन लागेका मुहारमा लाली लाग्छ कि लाग्दैन भन्ने समयको पर्खाइ निरन्तर चलिरहेको वर्तमान परिवेश छ । विश्व वातावरण पनि अनेकौं उल्झनमा बहिरहेको परिवेशमा गर्नु र हुनुपर्ने धेरै कार्य र विषय छन् । एउटा सुन्दर मार्गको पर्खाइमा प्रतीक्षित यात्रुजस्तै भएर बाँचिरहेको परिवेशले निकै सुन्दर भविष्यको परिकल्पना गरेको छ । सुन्दर सपना बुनेको छ अनि नयाँ कार्यरम्भ गर्ने वतावरणको पर्खाइ गरिरहेको छ । यसैले अबको नेतृत्व कमाउन जानेभन्दा पनि केही दिनजाने प्रवृत्तिको होस् भन्ने भाव अन्तर्ध्वनित भएको पाइन्छ । लिएँ भन्दा पनि दिएँ भन्ने प्रवृत्तिको विकासँगै अबको गन्तव्य आत्मनिर्भरको बाटोमा अघिबढ्ने हुनुपर्दछ ।उटा बिरूवा बन्न सर्वप्रथम बीज नै सबल चाहिन्छ । सबल बीज भएपछि त्यसमा आवश्यक पर्ने मल जल आदि ऊर्जाले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । जसबाट नै एक सक्षमा रूखको निर्माण भएजस्तै व्यक्ति पनि सोही प्रक्रममा विकसित हुन्छ । संस्कृति, सभ्यता र विकासको मूल भनेको शिक्षा नै हो । जस्तो सिकेको छ त्यस्तै प्रयोगमा ल्याउने हो । यसैले अवको ध्यान मूलतः शिक्षमा हुनु आवश्यक छ । प्रथमिक तहदेखि नै सभ्य सुसंस्कृत बाटोमा हिंड्नसक्ने विद्यालयीय संरचनाबाट अघिबढ्नुपर्दछ । आजको बच्चाले जे जस्तो सिके भोलि त्यही जीवनमा प्रयोग गर्ने हुन् ।

आजको आवश्यकता धान्न सक्ने र आजको प्रविधिलाई पनि आत्साथ गर्ने जनशक्ति उत्पादन गर्ने स्वदेशीय सुगन्धसहितको प्राचीनदेखि अत्याधुनिक ज्ञान विज्ञानमा विभूषित हुनसक्ने शैक्षिक प्रणाली अबको प्रथमिकतामा हुनुपर्दछ । हाम्रा पाठ्यक्रम निर्माणदेखि प्रयोग सबैमा स्वदेशी लगानी हुनुपर्दछ । अनुदानबाट प्राप्त रकमले बनाइएका पाठ्यक्रमले स्वकीय माटोलाई देख्न सक्दैनन् । यसैले शिक्षाजगत्मा सर्वप्रथम आत्मनिर्भर हुनुपर्दछ र आत्मनिर्भर रहिरहने मार्गमा पनि अघि बढ्नुपर्ने देखिन्छ ।

अबको बाटो प्राच्यदेखि अत्याधुनिक प्रविधिसँग साक्षात्कार गर्नसक्ने हुनुपर्दछ । आजको उन्नत प्रविधिलाई आत्मसाथ गरी हाम्रा गूढतम रहस्यका विषयवस्तुलाई पनि तदनुकूल बनाउने बाटोमा अघि बढ्नु आवश्यक देखिन्छ । आजको एआईसँगै हाम्रा संस्कृति, सभ्यताका, ग्रन्थ परम्परालाई पनि जोड्न सकिन्छ । प्राच्य र आधुनिक विषय दुवैको मिहिन अध्ययन अनुसन्धानबाटै हाम्रो कल्याण सम्भव छ । आधुनिकताका नाममा स्वकीय अस्तित्व कदापि भुल्नु हुँदैन । किनकि हाम्रा पूर्खा ऋषि महर्षिले दिएका दिव्य ज्ञान नै आजको विज्ञानका जनक हुन् । हामीमा शास्त्र छन्, परम्परा छ, प्रयोगका उदाहरण छन् केवल अभ्यासको कमी छ । यसैले अवको मार्ग स्वकीय चिन्तनसहितको युगअनुकूल अभ्यास गर्नसक्ने हुनु आवश्यक छ ।

पूर्वीय संस्कृति र सभ्यता विश्वमै सर्वप्राचीन मानिन्छ । ऋग्वेद सर्वप्राचीन ग्रन्थ हो । वेदमा मानव कल्याणका अनन्त उपाय छन् । आज ती ज्ञानको खोज अनुसन्धान र प्रयोगभन्दा पनि उपेक्षाको दृष्टिले हेर्ने प्रवृत्ति मौलाएको छ । जीवनदर्शन वेदको परं उपलब्धि हो । यही ज्ञानको खोजसँगै प्रयोग गरेर पाश्चत्य मुलुका समृद्ध भए भने हामी कस्तुरी बोकेर स्वयं वासनामा भौतारिएको मृगजस्तै हुन पुगेका छौं । नैतिक हुनु कुनै आडम्बरको आगो ताप्नु होइन । नैतिकता भनेको सभ्यताको चिनारी हो । नीति कुनै रूढीवादीको रट्ने मन्त्र होइन । जीवन जगत्लाई सुन्दर बनाउने सूत्र हो । सत्यको मार्गमा लाग्न अभिप्रेरित गर्ने, धर्मको मार्गमा अघिबढ्ने, नैतिक मूल्य र मान्यताका आधारमा कार्य गर्नसक्ने हुनु हो ।

ऋषिमुनिको हजारौं वर्षको खोज अनुसन्धानबाट प्राप्त ज्ञान र विवेकलाई हामीले स्वीकार्न नसक्दा नै यो अस्थिर वृत्तिले राज गरेको हो । युग परिवर्तित छ, परिवर्तको सकारात्मक पक्षलाई सबैले स्वीकार्नुपर्छ । हिजोका नीति आज सबै अनुपयुक्त भएका होइनन् । त्यसको सही व्याख्या र प्रयोग गर्ने व्यक्तिको मात्र अभाव भएको हो । सुन कहिल्यै पुरानो हुँदैन । मैलिनु भिन्नै कुरा हो । सुन सुन नै हो आगोमा तताएर परीक्षण गर्न सकिन्छ । त्यस्तै नीतिवचनलाई उजिल्याउनेको आज खाँचो भएको छ । जीवन र जगत्को अनुभवजन्य ऋषि प्रणीत नैतिक शिक्षालाई आज पुनः प्रयोगमा ल्याउनु आवश्यक रहेको देखिन्छ । नैतिकवान् बन्नु सत्य निष्ठाको मार्गमा हिंड्नु हो ।

जीवनलाई सही ढंगमा अगाडि बढाएर इहलोकको आनन्दपूर्वक भुक्ति र परलोकको मुक्ति प्राप्त गर्न नै यस्ता विषयवस्तु आवश्यक हुन्छन् । वास्वमा नैतिक उपदेश जीवनको मार्गदर्शन हो । यसैले सुन्दर समाजरूपी राष्ट्र बनाउन सबैमा नैतिक चेतना हुनु आवश्यक छ । आजका विद्यालय तहदेखिका पाठ्यक्रममा लागू गर्नु र व्यवहारमा पनि सबैले अपनाउनु आवश्यक छ । सत्यं वद (सत्य बोल), धर्मं चर ( धर्म मान), मातृदेवो भवः (आमालाई देवता समान मान), पितृदेवो भवः (बुबालाई देवता समान मान), अतिथि देवो भवः ( अतिथिलाई देवतावत् व्यवहार गर) गुरू देवो भवः (गुरू देवता समान हुनुहुन्छ), स्वाध्ययन् मा प्रमद (आ ं नो अध्ययनलाई कहिल्यै छोड्नुहुँदैन) आदि हाम्रा आदर्श हन्, उपनिषद्का मार्गदर्शन हुन् । यस्ता वैदिक सूक्तिले मानव जीवनको सही मार्गनिर्देश गरिरहेका छन् ।

सभ्य र सुसंसकृत प्रवृत्तिको विकास हामी स्वयंबाट थालनी गर्नुपर्दछ । अरूलाई दोष दिने प्रवृत्तिभन्दा पनि आ ं नै कमजोरी केलाएर अघि बढ्ने प्रवृत्तिको विकास हाम्रा लागि आवश्यक देखिन्छ । नयाँपन त्यत्तिकै आउने होइन । विकासका मुहान आकाशबाट झर्ने होइन् । निरन्तरको मिहिनेत, सुझबुझपूर्ण निर्णय र सही नीतिले तय गर्ने कुरा हुन् । यसैले यस्ता विषयमा पनि हामी निरन्तर लागिपर्न सक्नुपर्दछ । गुणभित्र दोष र दोषभित्रको गुण पनि देख्न सक्नुपर्दछ । हरेक विषय एवम् वस्तुका गुण र दोष दुबै पक्ष हुन्छन् । आ ं ना पक्षका गुणमात्र र अरूको पक्षका दोषमात्र देख्ने प्रवृत्तिले जीवनमा उन्नति गर्न सकिँदैन । गुणभित्रको दोष र दोषभित्रको गुण केलाउन सक्नुपर्दछ ।

हरेक विषयवस्तुलाई समालोचनात्मक दृष्टिले हेर्न सक्नुपर्दछ । नराम्राभित्रको राम्रो पक्षलाई ग्रहण गर्न सक्नुपर्दछ । यसैगरी राम्रोभित्रको नराम्रो पक्षलाई त्याग्न सक्नुपर्दछ । एकपक्षीय दृष्टिले उन्नति असम्भव रहन्छ । प्रतिशोधको भावनाले मनमा अहंकारको आगो पैदा हुन्छ र स्वयंलाई जलाउने गर्दछ । प्रतिशोध त्यागी क्षमाशील हुनु पनि उन्नतिको मार्गमा लम्किनु हो । यसैगरी अर्को छोड्नु नहुने कुरा भनेको धैर्य हो । जीवनमा धैर्यधारण गर्न सक्नुपर्दछ । अस्थिर चित्तले गरिएका कार्यमा सफलता नमिल्न सक्ने सम्भावना रहन्छ । चित्तलाई स्थिर बनाई गरिएका कार्य अधिक प्रभावकारी हुन्छन् । चञ्चल वृत्तिले गरिएका कार्यले सही परिणाम दिन सक्दैनन् । फलस्वरूप उन्नतिका मार्गमा अवरोध आउने गर्दछ ।

अबको बाटो आफैँले खनेको हुनुपर्दछ । आफ्नै परिश्रमले पसिना बगाएको हुनुपर्दछ । हिजो, आज र भोलि तीन पक्षलाई जोड्नसक्ने सम्बन्ध सेतुका मार्ग अब आवश्यक देखिन्छ । मन, वचन र कर्मले ऐकीभूत भएर अघिबढ्ने प्रवृत्तिले नै अवको उन्नति सम्भव छ । स्वकीय चिन्त, स्वकीय सामर्थ्यबाट जागृत हुने अबको बाटो आवश्यक देखिन्छ ।

# गर्मी बढि रहेको छ, सतर्क बनौं



पुष्कर जोशी



देशका विभिन्न स्थानमा गर्मी बढिरहेको छ, त्यसैले स्वास्थ्य विशेषज्ञले सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कन सल्लाह दिन्छन् । चर्को घामका कारण शरीरमा तापमानको सन्तुलन बिग्रेर लु लाग्ने खतरा बढी हुन्छ । गर्मीका कारण धेरैजसो मानिसमा कडा टाउको दुख्नुबाहेक चक्कर लाग्ने, बान्ता हुने, पखाला लाग्ने, वाक्वाकी लाग्ने, बेचैनी हुने, उच्च ज्वरो आउने र घबराहट हुने गर्छ ।

१) गर्मीमा दिनभरि ३-४ लिटर पानी पिउनुस् । तिर्खा नलागेको भए पनि हाम्रो शरीर प्रणालीलाई चिसो पार्न प्रशस्त पानी पिउनुस् । यसले हामीलाई निर्जलीकरणबाट पनि बचाउँछ ।
   नरिवलको पानी, मोही र कागती पानीजस्ता पेय पदार्थले राम्रो गर्छ । क्याफिन र अल्कोहलयुक्त पेय पदार्थको सेवन कम गर्नुस्, किनकि यसले निर्जलीकरण हुन सक्छ ।
२) घाममा धेरै समय नबस्नुस् । सनस्क्रिन लगाउनुस् । फराकिलो टोपी लगाउनुस् र घाममा बाहिर निस्कँदा सन ग्लासको प्रयोग गर्नुस् ।
३) हल्का रङको खुकुलो र सुती कपडा लगाउनुस्, जसले सजिलै पसिना सोस्ने र शरीरलाई चिसो राख्न सक्छ । टाइट वा पोलिस्टरका लुगा नलगाउनुस् ।
४) सकेसम्म छायामा बस्नुस् र शरीरलाई चिसो राख्नुस् ।
५) टन्न खाना नखानुस् । हरियो तरकारीहरु समावेश गर्दै थोरै-थोरै नियमित रुपमा खाना खानुस् । जसले 'हाइड्रेसन'मा मद्दत गर्दछ ।
६) गर्मीले वृद्ध र साना बच्चाहरूमा गम्भीर समस्या ल्याउन सक्छ । उनीहरूको विशेष ख्याल राख्नुस् ।
७) निर्जलीकरणबाट जोगिनुस् । किनकि यसले शरीरको पसिना निस्कने क्षमतालाई कम गर्छ
८) गर्मीमा दिउँसो १२ बजेदेखि ३ बजेसम्मको घाम स्वास्थ्यका लागि हानिकारक हुन सक्छ । यति बेला तापक्रम उच्च हुने भएकाले बाहिर जानैपर्छ भने आ ं नो टाउकोमा सुतीको कपडाले छोप्नुस् वा छाता र टोपी प्रयोग गर्नुस् ।
९) प्रशोधित र तेलयुक्त खानेकुराको उपभोग नगर्नुस् । गर्मीको मौसममा प्रशोधित र तेलयुक्त खानेकुराको सेवन गरेमा यसले शरीरमा तातो बढाउनुका साथै लुको जोखिम पनि बढाउँछ ।
   प्रशोधित, तेलयुक्त र जंक फुडले शरीरमा विषाक्त पदार्थहरु जम्मा हुन सक्छ ।

गर्मीमा स्वस्थ रहन के खाने ?

**काँचो प्याज**

गर्मीमा काँचो प्याजको सेवनले शरीरलाई चिसो बनाउन मद्दत गर्छ । प्याजमा पाइने गुणहरूले प्राकृतिक शीतलता प्रदान गर्छ । सलाद वा चटनीका रूपमा खान सकिने काँचो प्याजले शरीरलाई निर्जलीकरणबाट बचाउन मद्दत गर्छ ।

**सौंफ**

गर्मीमा सौंफको सेवनले शरीरलाई शीतलता प्रदान गर्नुका साथै पाचन प्रणालीलाई पनि स्वस्थ राख्छ । तपाईं गर्मी स्ट्रोकजस्ता समस्यासँग संघर्ष गर्दै हुनुहुन्छ वा यसबाट बच्न चाहनुहुन्छ भने सौंफको सर्बत पिउन सक्नुहुन्छ । सौंफ चपाउन पनि सकिन्छ । आयुर्वेदका अनुसार सौंफमा पाइने गुणले शरीरलाई भित्रबाट शीतल राख्छ र गर्मीको असरलाई कम गर्छ ।

**पुदिना** : पुदिना एन्टी-माइक्रोबियल र एन्टी-इन्ँ लामेटरी गुणहरूले भरिपूर्ण छ । गर्मीमा पुदिनाको सेवनले पेटलाई शीतलता प्रदान गर्नुका साथै पाचनसम्बन्धी समस्याबाट पनि राहत मिल्छ ।


**दही**

दहीमा पाइने प्रोबायोटिक्सले आन्द्राको स्वास्थ्यलाई राम्रो बनाउन र पाचन क्रियालाई राम्रो बनाउन मद्दत गर्छ । दहीलाई सुपरफुडमा गनिन्छ । शरीरमा हाइड्रेसन कायम राख्न र गर्मीको लहरको प्रभावलाई कम गर्न यसले मद्दत गर्छ ।

**फलफूल र तरकारी**

कागती, तरबुजा, हरियो सागसब्जी, कागती आदि खाँदा हाइड्रेसन कायम रहन्छ र पचाउन पनि सजिलो हुन्छ ।

## ऐनाको आविष्कार



कथा तथा किम्बदन्तीहरूमा ऐनाका बारेमा सयौ वर्ष पुराना प्रसङ्ग पनि सुन्ने गरिन्छ । तर विश्वमा आधुनिक ऐनाको आविष्कार सन् १८३५ मा भएको मानिन्छ । जर्मन रसायन वैज्ञानिक जस्टस भोन लिबिगले काँचको पाताको सतहमा चाँदीको पातलो पत्र लगाएर ऐनाको आविष्कार रेका हुन् । त्यसभन्दा अघि अहिलेको जस्तो आधुनिक र प्रष्ट छाँया देखिने ऐना प्रचलनमा थिएन ।

मानिसहरू स्थिर पानीको सतहमा आ ं नो अनुहार हेर्ने गर्दथे । सन् १८३५ मा ऐनाको आविष्कार भएपछि पनि ऐना गरिबको पहुँचमा थिएन । किनकी काँच निकै महंगो थियो । घरमा ऐना हुनु लक्जरीको विषय थियो त्यतिबेला ।

सन् १८३५ मा आधुनिक ऐनाको आविष्कार हुनु अगाडि ८ हजार वर्ष अगाडि देखि नै विशेष खालको ऐनाको प्रयोग हुने गरेको इतिहास छ । हालको टर्कीमा पर्ने एनाटोलियामा ८ हजार वर्ष अगाडि नै लेपन गरिएको ओब्सिडियनबाट बनाइएको ऐनाको प्रयोग गरिन्थ्यो । प्राचीन मेक्सिकोमा पनि यस्तै खालको ऐना प्रयोग हुने गरेको थियो । तर त्यस समयमा ऐनालाई आम मानिसले आ ं नो अनुहार हेर्नका लागि भन्दा पनि जादुको उपकरणको रूपमा प्रयोग गरिन्थ्यो जसको माध्यमबाट देवता तथा मानिसका पूर्वजको दुनिया देख्न सकिने विश्वास गरिन्थ्यो ।

रबर स्ट्याम्प बनाउने ठाउँ
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

# मुन्धुम पदमार्गमा ११ देशका श्रष्टा



**भोजपुर/** नेपालका सातै प्रदेशका र विभिन्न ११ देशका स्रष्टाहरूले मुन्दुम पदमार्गमा एकसाथ पदयात्रा गरेका छन् ।

मुन्दुम पदमार्ग प्रवर्द्धनसम्बन्धी विश्वव्यापी परियोजनाअन्तर्गत प्रथम चरणको सम्मेलन र भ्रमण सम्पन्न गरिएको परियोजना निर्देशक तथा संस्कृतिविद् डा भक्त राईले जानकारी दिए । उनका अनुसार मुन्दुम पदमार्गको इतिहासमा एकै पटक नेपालका सातै प्रदेश र विश्वका ११ मुलुकको स्रष्टाहरूलाई पदयात्रा गराई अन्तरराष्ट्रिय स्रष्टा सम्मेलनसमेत सम्पन्न गराइएको छ । यसले मुन्दुम पदमार्गलाई अन्तरराष्ट्रिय क्षेत्रमा चिनाउन सहयोग पुग्ने उनको धारणा छ । सम्मेलनमा भाग लिँदै मुन्दुम भ्रमण गर्न पाएकामा अन्तरराष्ट्रिय स्रस्टाहरू खुसी देखिएका थिए । सम्मेलनमा सहभागी नेपाली तथा विदेशी स्रष्टाहरूलाई पदमार्गको नाम, मुन्दुम भनेको के हो, यो क्षेत्रमा सबैभन्दा पहिले कुन जातिको बसोबास थियो, हाल कुनकुन जातिको बसोबास छ, यस क्षेत्रको हावापानी, भूगोल, वातावरण कस्तो छ, मुन्दुम पदमार्ग क्षेत्रमा कुनकुन वनस्पति, वन्यजन्तु पाइन्छलगायतको विषय समेटिएको कार्यपत्र प्रस्तुति गरिएको थियो ।

यो विश्वव्यापी परियोजनामा स्वदेशी तथा विदेशी स्रष्टाहरूलाई प्रत्यक्ष भ्रमण गराएर र अन्य माध्यमबाट मुन्दुम पदमार्गबारे सम्पूर्ण जानकारी प्रदान गरेपछि उनीहरूलाई मुन्दुम पदमार्गबारे गीत सृजना गर्न लगाइने जनाईएको छ । स्वदेशी तथा विदेशी स्रष्टाहरूले सृजना गरेको गीतलाई स्वदेशी तथा विदेशी गायक गायिकालाई गाउन लगाएर 'रेकर्ड' गरिने लक्ष्य लिइएको छ ।

सो पदयात्रामा कोशी प्रदेशबाट मेघराज नेपाल, श्याम तमोट, टेकबहादुर तामाङ, लोचन भट्टराई, गीता कार्की, अशोक राई, प्रमिला राई, सीता तुम्खेवा, डा. भक्त राई, वसन्त मुकारूङ, किरण टी लिम्बू, राजु केसी, शुभ मुकारूङ, पारस मुकारूङ, रमेश कोइराला सहभागी थिए । त्यसैगरी, मधेस प्रदेशबाट धीरेन् प्रेमर्षि र बागमती प्रदेशबाट लक्ष्मी रूम्बा, सुस्मिता नेपाल, सविता रेग्मी, गण्डकीबाट वसन्त वित्यासी थापा, भीम मास्की सहभागी थिए । लुम्बिनी प्रदेशबाट देव राना र कर्णाली प्रदेशबाट सागर उद्गम, अम्बिका गौतम तथा सुदूरपश्चिम प्रदेशबाट हर्क साउदलगायतका स्रष्टाको सहभागिता थियो ।

नेपाल बाहिरबाट भारतको दार्जीलिङबाट डा सुरेन्द्र चाम्लिङ, प्रसान्त थुलुङ, दुर्गा राई, सिक्किम राज्यबाट मोहन दुङमाली, भुटानबाट धनराज राई, दिलकुमार राई, चीनबाट लिन फोङ, रोङ फाङ, अष्ट्रेलियाबाट स्टिफन फोडेहम, टर्कीबाट जाहिद, एर्कान टेटिक र रसिया, सिङ्गापुर, फिलिपिन्स, जापान, कोरियालगायतका देशका स्रष्टाहरूको सहभागिता रहेको थियो । यस्ता कार्यक्रमले पूर्वी नेपालको मात्र नभई समग्र राष्ट्रकै विकासमा सहयोग पुग्ने टेम्केमैयुङ गाउँपालिकाका अध्यक्ष सरोज बस्नेतले बताएका छन् ।

# रैथाने बंगुर बारे अनुसन्धान



**धनकुटा/** नेपालका रैथाने बंगुर जातको संरक्षण, अनुसन्धान तथा प्रविधि विकासबारे अनुसन्धान सुरू भएको छ । धनकुटाको पाख्रीबासस्थित राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रमले यो कार्यक्रम शुरू गरेको हो ।

पछिल्ला वर्षमा आयातित जात तथा नश्लको बढ्दो प्रयोगका कारण स्थानीय बंगुर जात लोप हुने जोखिम बढेपछि कार्यक्रमले परम्परागत रूपमा पालिँदै आएका जातको पहिचान, संरक्षण र प्रवर्द्धनमा जोड दिएको हो । कार्यक्रमका संयोजक डा. मनोजकुमार साहका अनुसार बामपुड्के, हुर्रा र च्वाँचे जस्ता रैथाने जात हाल लोपोन्मुख अवस्थामा पुगेका छन् । नेपाल कृषि अनुसन्धान परिषद् अन्तरगतको राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रम धनकुटाले विकास गरेको 'पाख्रीबास कालो' जातको संरक्षण र विस्तारमा पनि विशेष ध्यान दिएको छ । संरक्षित प्रजनन्, सन्तुलित आहार व्यवस्थापन, रोग पहिचान तथा उपचार प्रणाली, तथा स्थानीय वातावरण अनुकूल क्षमताको अध्ययनजस्ता क्षेत्रमा अनुसन्धान भइरहेको कार्यक्रमले जनाएको छ ।

कार्यक्रमले विशेषगरी घरेलु वातावरणमा सजिलै हुर्कन सक्ने र रोग प्रतिरोधात्मक क्षमता उच्च भएको रैथाने जातको पुनर्जीवनमा जोड दिएको छ। कार्यक्रमका वैज्ञानिक अन्जयकुमार साहका अनुसार रैथाने जात विदेशी जातको तुलनामा उत्पादन दर केही कम भए पनि दीर्घकालीन रूपमा किसानका लागि दिगो र सुरक्षित विकल्प बन्न सक्छन् । बंगुर व्यवसाय संघ धनकुटाका अध्यक्ष रूजन राईले रैथाने बंगुर पालन प्रवर्द्धनले राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने बताएका छन्। उनका अनुसार यसले आयात प्रतिस्थापन, ग्रामीण रोजगारी सिर्जना, पोषण सुरक्षा सुधार तथा जैविक विविधता संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ । उनले अनुसन्धानसँगै कृत्रिम गर्भाधानका लागि 'सिड बैंक' स्थापना गर्नुपर्ने आवश्यकता औंल्याए ।

# कमलमा पोषण अभिमुखीकरण

**कमल**/ झापाको कमल गाउँपालिकामा राष्ट्रिय पोषण कार्यक्रम अन्तर्गत अभिमुखिकरण कार्यक्रम भएको छ। कार्यक्रमको गाउँपालिका उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीको प्रमुख उपस्थितिमा शुरु गरिएको हो। बालबालिकाको पोषण अवस्था सुधार, कुपोषण न्यूनीकरण, तथा समग्र स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ। कार्यक्रममा उपाध्यक्ष तिवारीले पोषणलाई मानव विकासको आधारभूत स्तम्भको रूपमा बुझाउन जरुरी रहेको बताईन्।


अभिमुखिकरण कार्यक्रममा स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले प्रशिक्षक दिएका थिए। उनले कुपोषणको पहिचान, वर्गीकरण, उपचार व्यवस्थापन, पोषण परामर्श, अभिलेख व्यवस्थापन तथा रिपोर्टिङ प्रणाली सम्बन्धी महत्वपूर्ण व्यवहारिक ज्ञान प्रदान गरेको स्वास्थ्य शाखाका प्रमुख दिपक दाहालले जानकारी दिए। अभिमुखीकरण कार्यक्रम २ दिन सञ्चालन भएको हो।

# चीया उद्योग पुनः सञ्चालनमा

**ईलाम**/ गत वर्ष जलेर नष्ट भएको इलामको जस्विरेस्थित चिया कारखाना फेरि सञ्चालनमा आएको छ। गुणस्तरीय अर्थोडक्स चिया उत्पादन गर्ने जस्विरे चिया कारखाना गत वर्षको फागुनमा आगलागीमा परेको थियो। आगलागीका कारण कारखाना भवन, मेशिन र

तयारी चियासहित करिब ९ करोडको क्षति भएको थियो। आगलागीबाट हतोत्साही नबनेर सञ्चालकहरूले केही महिनामै अस्थायी व्यवस्थापन गरेर कारखाना सञ्चालनमा ल्याएको बताएका छन्। अहिले भने पक्की भवनसहित मेसिनहरू जडान गरेर पूर्णरूपमा कारखाना सञ्चालनमा आएको हो। यो कारखानासँग सयौं चिया किसान जोडिएका छन्। उत्तरी इलामका विभिन्न गाउँबाट हरियो चियापत्ती खरिद गरेर कारखानाले प्रशोधन गर्ने गरेको छ। ब्ल्याक, ग्रिन, ओलाङ, सिल्भर, गोल्डेनलगायत विभिन्न ब्रान्डमा यहाँ उत्पादन हुने चियाको बजार स्थानीय र अन्तराष्ट्रियस्तरमा पनि राम्रो मानिएको छ।

# बाटो बिग्रिए पछि घटे पर्यटक



**धनकुटा/** गत वर्षको बाढी पहिरोले क्षतिग्रस्त संरचना मर्मत नहुँदा धनकुटाको सिम्सुवामा रहेको नमस्ते झरना सुनसान बनेको छ । तराई र पूर्वी नेपालका सीमाका भारतीय सहरबाट गर्मी छल्न पुग्ने पर्यटकको संख्या ह्वात्तै घटेको हो । बाढी पहिरोका कारण क्षतिग्रस्त पुल र पैदलमार्ग समयमै मर्मत नहुँदा पर्यटकीय गतिविधि शून्य हुनुका साथै स्थानीय तह र होटल व्यवसायीको आम्दानीसमेत घटेको छ ।

गत वर्ष आन्तरिक र अन्य मुलुकका पर्यटकले धनकुटाको साँगुरीगढी गाउँपलिकास्थित नमस्ते झरनाको अवलोकनमार्फत पालिकाले ३८ लाख रूपैयाँ राजस्व असुली गरेको थियो । तर यस वर्ष भने गत वर्ष आएको बाढी पहिरोले झरनासम्म पुग्ने सडक र पुलगायतका संरचना क्षतिग्रस्त बनाएपछि पर्यटक आवागमनमा कमी आएको छ । यति मात्र नभइ झरनासम्म पुग्ने पहुँचमार्ग नबन्दा पालिकाले झरनाको ठेक्का पनि लगाउन सकेको छैन । पालिकाले स्थानीय ठेकेदारलाई वार्षिक रूपमा झरना पुग्ने पर्यटकबाट राजस्व असुली गर्ने जिम्मा दिँदै आएको छ । यसले पालिकालाई ठूलो आर्थिक क्षति भइरहेको छ ।

पर्याप्त संरचना नबन्दा केही पर्यटक झरनामा पुगे पनि आधिकारिक रूपमा राजस्व संकलन गर्ने निकाय नहुँदा पालिकाको आम्दानी गुम्दै गएको छ । तत्कालीन जिल्ला विकास समितिले झरनासम्म पुग्ने पैदलमार्ग र पुल निर्माण गरेको थियो । साँगुरीगढी गाउँपालिका र कोशी प्रदेश सरकारले पनि झरनामा पूर्वाधार व्यवस्थापनका लागि लगानी गरेका छन् ।

तराइको उखरमाउलो गर्मी छल्न पुग्ने पर्यटकले नमस्ते झरना अघिल्ला वर्षका चैत, वैशाख र जेठमा भरिभराउ हुन्थे । झापा, मोरङ, सुनसरी, सप्तरी र उदयपुरलगायत तराइका जिल्ला र पूर्वीसीमाका भारतीय सहरबाट समेत गर्मी छल्न पर्यटक नमस्ते झरना पुग्ने गर्छन् । झरनाको प्राकृतिक संरचना र पौडी पोखरीलगायतका पूर्वाधार भत्किएपछि नमस्ते झरना उक्लने पर्यटकको संख्या कमी भएको हो । धनकुटाको भेडेटार, नाम्जे, डाँडाँबजार, ध्वजेडाँडा र राजारानी पर्यटकीय श्रृंखलामा रम्न आउनेहरू समेत झरनासम्म पुग्ने गरेका थिए ।

## पुस्तक-साभार

### राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



# मृत्युले पर्खिदैन

✍ रविन्द्र मिश्र

**क्रमागत :**

राजनीतिक यात्रा सुरू गरेपछि मैले यो देशले पत्याएका कैयौं व्यक्तित्व भेटेको छु, जसले "अब दुईतीन वर्षको मात्र कुरा हो अनि त पूरै लाग्ने हो अथवा तपाईहरू हिँडेकै बाटोमा हिँड्ने हो, अस्तिको चुनावमा भोट पनि तपाईंहरूलाई नै दिएको हो। तर यत्ति काम पूरा गरिहालौं। त्यसपछि मज्जाले लाग्ने हो भन्ने गरेका छन्। उनीहरूले भन्ने गरेको त्यो दुईतीन वर्ष या "त्यत्ति काम" कति महत्त्वपूर्ण हो या जिन्दगीको यात्रामा त्यो कति अविभाज्य हो भन्ने उनीहरूलाई नै बोध हुने कुरा हो। किनभने हरेकका परिस्थिति, योजना र व्यक्तिगत आकाङ्क्षा आआफ्नै हुन्छन्। बाहिरबाट त्यसको मूल्याङ्कन गरेर दृष्टिकोण बनाउन कठिन हुन्छ। तर एउटा वास्तविकता के हो भने जीवनको हरेक पाइला सम्झौता हो। व्यक्तिगत आकाङ्क्षाहरूको सीमा आफै निर्धारण गर्ने विषय हो। एउटा समय थियो, जति बेला खाली पेट र खुट्टा लिएर मानिस देश बनाउन हिँडे। लाग्छ, त्यति बेलाका मानिसमा समाज र देशप्रतिको कर्तव्यबोध धेरै उच्च र इमानदार थियो। अहिले समय बदलिएको छ। मानिसहरूमा शब्द र कर्मबीचको तादात्म्य नराम्रोसँग क्षयीकृत भएको छ। इमान नभएकाहरूले खोक्रा र आडम्बरी नारा दिएर मानिसलाई उद्वेलित बनाउँछन्, त्यो बेग्लै कुरा हो। तर अब खाली पेट र खुट्टा लिएर देश बनाउन हिँड भनेर कोही हिँड्दैन। त्यसो भन्न पनि हुँदैन। तर फेरि पनि देश त बनेको छैन र देश बनाउनैपर्छ। देश बनेन भने थोरै व्यक्तिले धेरै पाउँछन्, ती सफल र सम्पन्न हुन्छन्। तर समग्र देशले पाउँदैन र अत्यधिक नागरिक विफल अनि विपन्न हुन्छन्। जसले पाएका छन्, तिनको जीवन पनि सुखी, स्वस्थ र सुन्दर हुन सक्दैन। परिणामस्वरूप, बुबा या आमाले आफूले पाएको नाम र दामबारे अव्यक्त रूपमा गर्व गरिरहँदा तिनैका छोराछोरी, नातिनातिना विषादीयुक्त तरकारी खान, प्रदूषित हावामा सास फेर्न, आपत्कालीन स्थितिमा भर पर्न नसकिने अस्पताल जान, कुरूप सहरमा बस्न र सकिन्छ भने देशै छाडेर जान अनि नफर्किन बाध्य हुन्छन्।

तसर्थ देशले पत्याएका र वैकल्पिक राजनीतिक यात्राबाट मात्र देशको रूपान्तरण सम्भव छ भन्नेमा विश्वस्त रहेका त्यस्ता व्यक्तित्वहरूले अब दुईतीन वर्ष या "त्यत्ति काम" पूरा गर्न पर्खिने कि नपर्खिने ? आम सर्वसाधारणले आफ्नो मन र मत परिवर्तन गर्ने कि नगर्ने ? डा. देवकोटाको राजनीतिक चासोका कारण मैले प्रसङ्गलाई राजनीतिसँग जोडेको हुँ। तर जीवनको एउटा बिन्दुमा पुगेपछि जीवनका हरेक लक्ष्यसँग यिनै प्रश्न जोडिएका हुन्छन् या जोड्नैपर्छ। क्रमशः

## मनोरञ्जन

# 'सारथी' मा आउँदैछिन् निरुता



कुमार गजुरेलको निर्देशन रहने फिल्म 'सारथी' शुभमुहूर्त गरिएको छ। सोमबार काठमाडौंस्थित भद्रकाली मन्दिरमा फिल्मको शुभमुहूर्त भएको हो। शुभमुहूर्तसँगै निर्माण युनिट फिल्म सुटिङका लागि म्याग्दीको गुर्जा खानी प्रस्थान गरेको हो। फिल्मको छायाङ्कन वैशाख ९ गते बुधबारबाट सुरु हुनेछ। करिब ४० दिनको छायाङ्कन सेड्युल रहेको फिल्मका निर्माता बरिष्ठ सम्पादक तारा थापा 'किम्भे' रहेका छन्।

किम्भे प्रोडक्सन तथा धीरज इन्फिनिटी फिल्मस्को सहकार्यमा निर्माण हुन लागेको फिल्ममा उत्तम प्रधान, निरुता सिंहको जोडी रहनेछ। करिब दुई दशकपछि पुनः एकसाथ यो जोडी पर्दामा देखिन लागेको हो। फिल्ममा उत्तम र निरुताको अलवा ुकुन्द श्रेष्ठ, सम्रान्त थापा, गिरी विश्वकर्मा, गायत्री जोशी, मदन थापा, मिलन खड्का, रश्मी गुरुङ, तुलसी राई, आशा विश्वकर्मा लगायतका कलाकारको अभिनय रहनेछ। सौर्यल थापा निर्माता रहेको फिल्मको कार्यकारी निर्माता रदिप श्रेष्ठ र प्रदिप रायमाझी हुन्।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
वैशाख ११ गते
शुक्रबार
24 April 2026
तिथि: अष्टमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | बढी परिश्रम गर्नु पर्ने देखिन्छ । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मन प्रशन्न रहने । मित्र मिलन । गरेका कार्यहरुमा सफलता । |
| मिथुन | का कि कु घ ङ छ के को हा | पारिवारीक मेलमिलाप । आर्थिक पक्षमा सुधार । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | ब्यापार व्यवसायबाट सामान्य लाभ । मित्रहरुबाट सहयोग मिल्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | वैदेशिक रोजगारको अवसर । पठन पाठनमा भने सामान्य सुधार |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | सामाजिक कार्यक्रमा सक्रिय । मानसम्मानको अवसर मिल्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | नयाँ ठाउँको भ्रमणको अवसर । खर्चको मात्रा बढेर जाला । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मान प्रतिष्ठा बढेर जाला । आफन्तमा भने खटपट । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आम्दानीका स्रोत बढेर जाला । परिवारमा सरसहयोग मिल्ने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | आफन्तजनको आगमन । मनमा उत्साह बढ्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आफन्तबाट धोका । गरेका कामहरुमा कठिनाई । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | कृषि कार्यमा सफलता । मन प्रशन्न रहने । मित्र मिलन । |

# सरदर ६९ करोडको मासिक धान चामल आयत



**दमक**/ हालै सार्वजनिक गरिएको भन्सार विभागको तथ्याङ्क अनुसार चालु आर्थिक वर्ष (२०८२/०८३) को नौ महिनामा मात्रै नेपालले ३२ अर्ब ५१ करोड रुपैयाँभन्दा बढीको धान, चामल, कनिका र बिउ आयात गरेको छ।

साउनदेखि चैतसम्मको अवधिमा ६ लाख ३८ हजार ७८७ टन खाद्यान्न भित्रिनुले हाम्रो आन्तरिक उत्पादनले माग धान्न नसकेको स्पष्ट पार्छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा परिमाणमा केही गिरावट देखिए पनि मूल्यका आधारमा भने नेपालबाट बाहिरिने रकम बढेको छ।

भन्सार विभागको तथ्याङ्कलाई विश्लेषण गर्दा नेपालमा धानको आयात केही घटे पनि चामलको आयात भने ह्वात्तै बढेको देखिन्छ। गत वर्षको ९ महिनामा १८ अर्ब ५ करोडको धान आयात भएकोमा यस वर्ष सो रकम घटेर १५ अर्ब ८६ करोडमा सीमित भएको छ। अर्कोतर्फ बासमती र अन्य मसिनो चामलको आयातमा भने ठुलो वृद्धि भएको छ।

यो अवधिमा ६ अर्ब ८१ करोड रुपैयाँभन्दा बढीको बासमती चामल भित्रिएको छ, जुन गत वर्षको तुलनामा उल्लेख्य बढी हो। त्यस्तै अन्य तयारी चामलको आयात पनि ८ अर्ब ७४ करोडबाट बढेर ९ अर्ब १३ करोड रुपैयाँ पुगेको छ।

यसका साथै कनिका र धानको बिउको आयातमा समेत दुई देखि तीन गुणासम्मको वृद्धि हुनुले नेपालको बिउ बिजन र प्रशोधन प्रणालीमा रहेको कमजोरीलाई समेत देखाएको छ। सरकारले यस अवधिमा धान-चामल आयातबाट २ अर्ब २६ करोड रुपैयाँ राजस्व सङ्कलन गरे पनि बाहिरिएको ठुलो पुँजीको तुलनामा यो उपलब्धि नगण्य देखिन्छ।

# पत्रकार सहित ५ को मृत्यु

**एजेन्सी/** दक्षिणी लेबनानमा भएको पछिल्लो इजरायली आक्रमणमा एक पत्रकारसहित पाँच जनाको मृत्यु भएको छ । रिपोर्टका अनुसार, सुरुमा दक्षिण लेबनानको एट-टिरी गाउँमा एउटा गाडीलाई लक्षित गरी गरेको इजरायली आक्रमणका कारण गाडी भित्र रहेका दुई जनाको मृत्यु भएको थियो ।इजरायली सेनाले दक्षिणी लेबनानमा दुई वटा गाडीलाई लक्षित गरी आक्रमण गरेको बताएको छ । लेबनानको राष्ट्रिय समाचार एजेन्सीलाई उद्धृत गरी अल जजिराले रिपोर्ट गरे अनुसार, एट-टिरी गाउँको भवनमा भएको हवाई आक्रमणमा एक जना पत्रकारको घाइते भएको केहि समय पछि मृत्यु भएको हो ।

लेबनानका सूचना तथा सञ्चार मन्त्री पल मोर्कसले पत्रकारहरूमाथि भएको इजरायली आक्रमणको निन्दा गरेका छन् । सामाजिक सञ्जालमा मोर्कसले पत्रकारहरूको सुरक्षा र कामको स्वतन्त्रताको ग्यारेन्टी तुरुन्तै सुनिश्चित गर्ने आवश्यकतालाई पुष्टि गर्दै यस घटनाको जिम्मेवार इजरायल भएको बताएका छन् । यस अघि, इजरायली डिफेन्स फोर्स (आइडिएफ)ले हिज्बुल्लाहले युद्धविराम उल्लङ्घन गरेको दाबी गरेपछि दक्षिणी लेबनानमा आफ्नो सेना र वायुसेनाले आक्रमण गरेको बताएको थियो ।

आइडिएफले विज्ञप्ति जारी गर्दै दक्षिणी लेबनानको सालुकी क्षेत्रमा घटना भएको बताएको छ, जहाँ आइडिएफले सम्भावित खतरा पत्ता लगाएको दाबी गरेको छ । सेनाले स्थितिलाई नियन्त्रण गर्न हवाई आक्रमणको जवाफ दिएको र हिजबुल्लाहसँग सम्बन्धित पूर्वाधारलाई लक्षित गर्ने प्रयाससहित यस क्षेत्रमा अपरेसन जारी रहेको बताएको छ ।

***देशका.....*** डढेलोका घटनाले वायु प्रदूषण बढाउन मुख्य भूमिका खेलेका छन्। यस्तै जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनले आउँदो तीन दिनसम्म उल्लेखनीय वर्षाको सम्भावना नरहेको र तापक्रम अझै बढ्ने सङ्केत देखिएको जानकारी दिए।

विशेषगरी वायु प्रदूषणको असर बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वास र मुटु रोगीलाई पर्छ। तर 'एक्यूआई' २०० भन्दा माथि पुगेपछि सबै वर्गको स्वास्थ्यमा जोखिम पुग्ने जलवायु विज्ञ उज्ज्वल उपाध्यायको भनाई छ। उनका अनुसार सामान्य भाषामा भन्दा हाल काठमाण्डौ उपत्यकामा दिनभर घरबाहिर बस्दा १२ वटा चुरोट पिएको बराबर प्रदूषित हावा फोक्सोमा पुग्छ। अत्यावश्यकबाहेक बाहिर ननिस्कन, मास्क प्रयोग गर्न र धूलो-धूवाँबाट जोगिन उनको सुझाव छ।

# ब्राउन सुगरसहित ८ जना पक्राउ

**दमक/** पूर्वी नेपालको झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लामा लागु औषध नियन्त्रणका लागि प्रहरीले सक्रियता बढाएको छ । यस क्रममा कोशी प्रदेशको विभिन्न स्थानबाट प्रहरीले एकै दिन ब्राउन सुगरसहित ८ जनालाई पक्राउ गरेको कोशी प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

यस क्रममा झापाको अर्जुनधारा नगरपालिका-११ मा गरिएको सघन चेकजाँचका क्रममा लागु औषध नियन्त्रण ब्यूरो काँकरभिट्टा, इलाका प्रहरी कार्यालय अनारमनी तथा अस्थायी प्रहरी बिट बसपार्कको संयुक्त टोलीले २५ वर्षीय संजोग राई, २५ वर्षीय रूपेश दर्जी र ३७ वर्षीय अमृत दर्जीलाई २७ ग्राम ८३० मिलिग्राम ब्राउन सुगर र एक मोटरसाइकलसहित नियन्त्रणमा लिएको छ । त्यस्तै, सुनसरी जिल्लामा पनि प्रहरीले सक्रियता बढाउँदै अलग-अलग स्थानबाट दुई जनालाई पक्राउ गरेको छ । भोक्राहा नरसिंह गाउँपालिका-३बाट इनरूवा-२ निवासी सैफअली सिदिकीलाई २० ग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिइएको छ भने कोशी गाउँपालिका-१ बाट वराहक्षेत्र नगरपालिका-६ का हरिबहादुर श्रेष्ठलाई ५३० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरिएको छ ।

मोरङको विराटनगर-१६ मा सञ्चालन गरिएको अपरेसनमा इलाका प्रहरी कार्यालय रानी तथा लागु औषध नियन्त्रण ब्युरो विराटनगरको टोलीले सुन्दरहरैंचा-५ का समिर चौधरीलाई २१० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको छ । यसैगरी उदयपुरको बेलका-१ क्षेत्रमा प्रहरीले मोटरसाइकल जाँच गर्ने क्रममा चौदण्डीगढी नगरपालिका-७ का आर्जु राई र मोटरसाइकल पछाडि सवार श्यामकुमार कार्कीलाई १५५ मिलिग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिएको छ । प्रहरीका अनुसार पछिल्लो समय झापा, मोरङ र सुनसरी क्षेत्रमा लागु औषध ओसारपसार तथा दुरुपयोग नियन्त्रणका लागि विशेष निगरानी, सघन चेकजाँच र संयुक्त अपरेसनहरु तीव्र पारिएको छ ।

# चोरीमा संलग्न पक्राउ

**दमक/** झापा गाउँपालिकामा चोरीमा संलग्न पाँचजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरूमा शिवसताक्षी ७ बस्ने भुन्टे भन्ने अजय यादव, सोही ठाउँ बस्ने बर्ष २५ का राजेश गन्गाई,झापा गाउँपालिका वडा न.६ शरणामति बस्ने बर्ष ३५ का कमल ल्वागुन, सोही ठाउँ बस्ने बर्ष २६ का सागर यादव र वडा नं .७ मदरगाछ बस्ने बर्ष ४२ का लोकबहादुर राई रहेका छन् ।

विदेशमा रहेका झापा गाउँपालिका वडा न. ६ बरडाङ्गी बस्ने मोहन गन्गाईको घरमा कोही नभएको अवस्थामा चाँदीको सिक्री १७ तोला, कंगना १५ तोला र नगद रू.५ हजार गरी जम्मा १ लाख पचास हजार बराबरको धनमाल चोरी भएको थियो ।

***विद्युतीय...***रूपैयाँ बजेट विनियोजन गरेका छन् । उनका अनुसार अठार किलोमिटर दूरीमा रहेको विद्युतीय घेराबारामा १८ स्थानमा ब्याट्रीसहितको उपकरण जडान गरिएको तर ती सबै ब्याट्री फेर्नुपर्ने अवस्था छ । मञ्चमार्फत नै घेराबेरा मर्मत हुने र भारतबाट ब्याट्रीलगायत उपकरण आयातको प्रक्रिया सुरू भइसकेको उप्रेतीले जानकारी दिए । भारतको आसाम र पश्चिम बङ्गालको विभिन्न वन्यजन्तु आरक्षण केन्द्रहरूबाट जङ्गली हात्तीहरू नेपाल प्रवेश गर्ने मुख्य स्थान नै मेचीनगरको बाहुनडाँगी हो । जहाँ दिनहुँ एक सयको बथानमा हात्ती नेपाल प्रवेश गर्दै आएका छन् ।

***खाँदबारी......*** अवस्था आएको जनाएको छ । त्यस्तै, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयले विगतदेखि अलपत्र अवस्थामा रहेका भवनहरु पूरा गर्न पुँजीगत बजेट अपुग भएको जानकारी दिएको छ । मन्त्री लिङ्थेपले रकमान्तर गर्ने र स्रोत सुनिश्चितता नभएका ठाउँमा बजेट माग्ने प्रवृत्तिलाई निरूत्साहित गरिने जनाएका छन् । अनुत्पादक क्षेत्रमा लगानी नगर्न र उत्पादन एवं रोजगारी सिर्जना हुने क्षेत्रलाई प्राथमिकता दिन उनले निर्देशन दिए । मन्त्रालयले तोकेको कार्यतालिका अनुसार वैशाख मसान्तभित्र बजेटको खाका तयार गरी प्रणालीमा प्रविष्ट गरी सक्नुपर्ने मन्त्रालयको तयारी छ । कोशी प्रदेशमा वैशाख ७ गतेसम्म योजना बैंकका सबै योजनाहरु प्रविष्ट भइसकेको बताइएको छ ।

# आगलागी पीडितलाई राहत

**उदयपुर/** उदयपुरको चौदण्डीगढी नगरपालिका-७ बेल्टार बजारस्थित वाणिज्य बैंक लाइन क्षेत्रमा मंगलबार राति भएको भीषण आगलागीबाट प्रभावित परिवारलाई कोशी प्रदेश सरकारले राहत उपलब्ध गराएको छ । कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन राज्यमन्त्री उमाकान्त गौतम पीडितहरु बसिरहेको अस्थायी आश्रयस्थलमै पुगेर राहत सामग्री हस्तान्तरण गरेका हुन् । प्रदेश सरकारबाट दाल, चामल, लत्ताकपडा, त्रिपाल, बाल्टीलगायतका अत्यावश्यक सामग्री उपलब्ध गराइएको छ । मंगलबार रातिको आगलागीमा परी ७० वर्षीय लक्ष्मीनारायण खड्का र उनका नाति पवन खड्काको जलेर मृत्यु भएको थियो। घरभित्रै रहेका उनीहरु आगोले चारैतिरबाट घेरेपछि बाहिर निस्कन नपाई ज्यान गुमाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको इलाका प्रहरी कार्यालय बेल्टारले जनाएको छ ।

प्रहरीका अनुसार विद्युत् सर्टका कारण आगलागी भएको प्रारम्भिक अनुमान गरिएको छ । काठबाट बनेका घर भएकाले आगो तीव्र रूपमा फैलिएको थियो । आगलागीबाट कुल करिब ६३ लाख रूपैयाँ बराबरको क्षति भएको बताइएको छ। आगलागीमा जलेर मृत्यु हुने एक जनालाई १ लाख रूपैयाँ र एकै परिवारका थप सदस्यको मृत्यु भएमा थप ५० हजार रूपैयाँका दरले राहत उपलब्ध गराउने प्रदेश सरकारको नीतिअनुसार एकै परिवारका दुई जनाको मृत्यु भएको हुँदा उक्त परिवारले पाउने १ लाख ५० हजार रूपैयाँ राहत रकम प्रदेश सरकारले जिल्ला प्रशासन कार्यालयको खातामा जम्मा गरिसकेको राज्यमन्त्री गौतमले जानकारी दिए । त्यसैगरी १० लाख रूपैयाँभन्दा बढी क्षति भएका परिवारलाई प्रदेश सरकारको नियमअनुसार घर पुन:निर्माणका लागि उपलब्ध गराइने ५० हजार रूपैयाँ थप राहत रकम केही समयपछि प्रदान गरिने उनले जनाएका छन् ।

***हर्क...***व्यवस्थापिकाको भूमिकाका सम्बन्धमा साम्पाङले संसद्को काम कानुन निर्माण गर्ने र सरकारको कामकारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्नेमा मात्र सीमित हुनुपर्ने उल्लेख गरेका छन् । प्रस्तावमा भनिएको छ, 'संसद्ले कार्यकारी प्रमुखको सीमा निर्धारण गर्ने र निरंकुशताको व्याख्या गर्ने अधिकार राख्नुपर्छ । यदि कार्यकारी प्रमुख निरंकुश बनेमा संसद्ले महाभियोग लगाएर पदमुक्त गर्न सक्ने व्यवस्था हुनुपर्छ ।'

यसैगरी, राईले राज्यको प्रणालीलाई पूर्ण समावेशी बनाउनुपर्नेमा विशेष जोड दिएका छन् । राजनीतिक पदहरूमा मात्र नभई नेपाली सेना, नेपाल प्रहरी र सम्पूर्ण कर्मचारी संयन्त्रमा सबै जातजाति र नागरिकहरूको समान सहभागिता सुनिश्चित गरिनुपर्ने उनको प्रस्ताव छ ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित

नयाँ झापाली इटा बजारमा

झापाली इटा

ठूलो साइजको ईटा उपलब्ध छ ।

सम्पर्कका लागि:

भगवान बस्नेत : ९८५२६७००३१

उद्योग सम्पर्क : ९८०१४०१४४२

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :

देवीप्रसाद सिटौला

(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:

राजकुमार श्रेष्ठ

९८०६०१०४१०


## उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०६बस्ने शान्ती प्रधान को नाममा दर्ता कायम रहेको मधुमल्ला५/ङ मा भएको कि.नं. २१२६ज.वि. ०-०-१०-०मा बनेको घर अभिलेखिकरका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा उतर तर्फ सँधियार हर्क बहादुर दास उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर अभिलेखिकरण गर्दा कुनै विरोध भएमा सो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सुचना मर्फत जानकारी गराइन्छ अन्यथा निजको नाममा नियम अनुसार घर अभिलेखिकरण भइ जाने व्हिोरा जानकारी गराइन्छ।


## कला जोगाऔं, संस्कृति बचाऔं ।

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड


**सुदर्शन बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी-५, मोरङ्गको**

## ऋण नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८३।०१।११ गते पूर्वसन्देश दैनिक

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले ब्यापारीक प्रयोजनको लागि ऋण लिदाँको बखतमा तोकिएको भुक्तानि तालिका अनुसार तिर्नु बुझाउनुपर्ने साँवा र ब्याज रकम नतिरि नबुझाई संस्थालाई लेखि लेखाई दिएको ऋण सम्बन्धी शर्त बन्देज उल्लगन गर्नु भएकोले संस्थाले पटक पटक मौखिक, लिखित, फोन सर्म्पक तथा प्रत्यक्ष भेटेर सुचना गरी तरतागेता गर्दा समेत आलटाल गरी शर्त बमोजिम संस्थालाई बुझाउनु पर्ने सँवा र ब्याज नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थाको कार्यालयमा आई भाखा नाघेको ऋणको साँवा र ब्याज एकमुष्ठ चुत्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्यहरुमा यो सुचना जारी गरिन्छ। उल्लेखित मिति भित्र ऋणको सम्पूर्ण साँवा र ब्याज चुत्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी तथा असुलि कार्यविधि एवम प्रचलित ऐन कानुन बमोजिम ऋणी सदस्यहरुको धितोमा रहेको चल अचल सम्पती जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकी वा अन्य ब्यबस्था गरी संस्थाको लिने रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित तपशिलका ऋणी सदस्य र जमानत दिने व्यत्तिहरु समेतलाई यसै सुचनाद्वारा अवगत गराउदै कर्जा भुत्तानी गर्नु/गराउनु सुचित गरिएको छ।असुल उपर कारवाहीको शिलशिलामा उत्त कार्यविधि अनुसार भएका सम्पूर्ण खर्च समेत ऋणी सदस्यबाट नै असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराइन्छ। यस संस्थाबाट संस्थाको सम्पूर्ण लिने रकम असुल नभएमा ऋणी सदस्यहरुको घर घरानाको चल अचल सम्पतीबाट असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ।

### तपशिल

**ऋणीको तीन पुस्ते विवरण**

१. ऋणीको नाम : बबिता कोइराला
ठेगाना : उर्लाबारी-५, मोरङ
बाबुको नाम : तिलक कुमार कोइराला
पतिको नाम : गोविन्द खत्री
नागरिकता नम्बर : ५८२६०/५९२६०
ना.प्र प जारि मिति : २०७७।१०।१७
जारी स्थान : सुनसरी

**जमानीको तीन पुस्ते विवरण**

नाम : चित्र बहादुर प्रधान+बेल बहादुर कार्की
ठेगाना : उर्लाबारी-५, मोरङ
बाबुको नाम : कुल बहादुर + दुर्गा बहादुर
हजुरबुवाको नाम : धन बहादुर + हस्त बहादुर
नागरिकता नम्बर : १०७४८
ना.प्र प जारि मिति : २०५०।१२।०३
जारी स्थान : मोरङ्ग

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| मधुमल्ला | ५ | ५ख | १९२१ | ६८५.७४ | बबिता कोइराला |
| मधुमल्ला | ५ | ५ख | १९२४ | ७७८.८७ | बविता कोइराला |
| मधुमल्ला | ५ | ५घ | ३१८१ | ०-०-९ | चित्र बहादुर प्रधान+बेल बहादुर कार्की |

**ऋणीको तीन पुस्ते विवरण**

२. ऋणीको नाम : सन्जय कुमाल
ठेगाना : उर्लाबारी-३, मोरङ
बाबुको नाम : पुर्ण बहादुर कुमाल
हजुरबुवाको नाम : गोफ्ले कुमाल
नागरिकता नम्बर : ४४६१
ना.प्र प जारि मिति : २०५८।०८।२९
जारी स्थान : मोरङ्ग

**जमानीको तीन पुस्ते विवरण**

जमानीको नाम : जुनु धिमाल
ठेगाना : उर्लाबारी-३, मोरङ
बाबुको नाम : केशव धिमाल
पतिको नाम : सन्जय कुमाल
नागरिकता नम्बर : ०५२००६/१६७०
ना.प्र प जारि मिति : २०६६।०३।१०
जारी स्थान : मोरङ्ग

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| दमक | ५ | ५ | १३००४ | २१.१६ | सन्जय कुमाल |
| दमक | ५ | ५ | १३००६ | ३१७.४७ | सन्जय कुमाल |
| मधुमल्ला | ९ | ९ख | ९७६ | ५५.०२ | जुनु धिमाल |
| मधुमल्ला | ९ | ९ख | ९७८ | ११४.२७ | जुनु धिमाल |

**ऋणीको तीन पुस्ते विवरण**

३. ऋणीको नाम : नरेन्द्र कुमार श्रेष्ठ
ठेगाना : उर्लाबारी-७, मोरङ
बाबुको नाम : रत्न बहादुर श्रेष्ठ
हजुरबुवाको नाम : कहरमान श्रेष्ठ
नागरिकता नम्बर : १२९९
ना.प्र प जारि मिति : २०४२।१०।०३
जारी स्थान : मोरङ्ग

**जमानीको तीन पुस्ते विवरण**

जमानीको नाम : हर्क कुमारी श्रेष्ठ
ठेगाना : उर्लाबारी-७, मोरङ
पतिको नाम : रत्न बहादुर श्रेष्ठ
हजुरबुवाको नाम : छत्र संह श्रेष्ठ
नागरिकता नम्बर : ४०४/१८८
ना.प्र प जारि मिति : २०४६।०२।२८
जारी स्थान : मोरङ्ग

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| टाँडी | ५ | ५ट | १३२ | ६९१६.६८ | नरेन्द्र कुमार श्रेष्ठ |

**सुदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
उर्लाबारी-५, मोरङ (सर्म्पक नं. ०२१-५४३९१४)

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२. **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल